नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
फागुन/चैत्र २०७२ (March 2016) वर्ष २०/अङ्क २२८

## आजको आवश्यकता-परमेश्वरलाई चिन्ने पुस्ताको निश्चयता

- डीकन अर्जुन ढकाल

मानिसहरूले आफ्ना बाल-बालिकाहरूलाई येशूले छोइदिऊन् भन्ने उद्देश्यले उहाँकहाँ ल्याए, वास्तवमा यो निकै नै असल कुरो हो । तर दुःखको कुराचाहिँ के भने चेलाहरूले तिनीहरूलाई हकारे अथवा बाल-बालिकाहरूलाई येशूकहाँ आउनबाट रोक्न खोजे । यो व्यवहार प्रभु येशूलाई मन परेन र उहाँले भन्नुभयो, "साना बाल-बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक ।" उहाँले बाल-बालिकाहरूलाई छुनु मात्र भएन तर काखमा लिनुभयो, आफ्ना हात राख्नुभयो र आशीर्वाद दिनुभयो । यो कुराबाट हामी स्पष्ट हुन सक्छौं कि बाल-बालिकाहरूप्रति येशूको प्रेम निकै ठूलो थियो । मानिसहरूले बाल-बालिकाहरूलाई झन्झटिला सोचे तापनि येशूले उनीहरूलाई प्रेम दर्शाउनुभयो (मर्कूस १०:१३-१६) । उहाँले भन्नुभयो, "बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक । किनभने परमेश्वरको राज्य यस्तैहरूको हो । साँच्चै म तिमीहरूलाई भन्दछु, जसले एउटा बालकले जस्तै परमेश्वरको राज्यलाई ग्रहण गर्दैन, त्यो कुनै रीतिले त्यसभित्र प्रवेश गर्नेछैन ।"

केही समय अगाडि इराक देशमा घटेको एउटा घटना स्मरणयोग्य छ । जब विद्रोहीहरूले आफ्ना कब्जामा रहेका खीष्टियान बाल-बालिकाहरूलाई तिमीहरू येशूलाई इन्कार गर, हामी केही गर्दैनौं भने, मृत्यु निश्चित भइसकेको अवस्थामा पनि निकै साहसका साथ उनीहरूले आफूहरू येशूलाई प्रेम गर्ने भएकाले उहाँलाई त्याग्न नसक्ने बताए । आज ती बाल-बालिकाहरूको त्यो साहस सारा संसारभरका इसाईहरूका निम्ति उत्साह र चुनौति बनेको छ । आत्मिकी कुराहरूभन्दा सांसारिक कुराहरूको व्यापकता भएको यस संसारमा हाम्रा बाल-बालिकाहरूलाई येशूकहाँ ल्याउनु, उहाँबाटको मार्ग निर्देशन खोज्ने बनाउनु अपरिहार्य छ । "बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालीम देऊ, र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन" हितोपदेश २२:६ । हामी बाबुआमा तथा अभिभावकहरूले हाम्रो घर वा मण्डलीका बाल-बालिकाहरूलाई प्रभुको वचनअनुरुप हिँड्न सिकाउनु परेको छ । व्यवस्था ६:७ मा उल्लेख गरेझैँ "ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ । घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर ।" यदि हाम्रो घर खीष्ट-केन्द्रित घर हुने हो भने हाम्रो घरमा खीष्टको चर्चा हुनु जरुरी छ । आज हाम्रो घरमा चर्चाको विषय के बनेको छ ?

बाबुआमा/अभिभावक आफै उदाहरण बनेर प्रभुलाई प्रेम गर्न र उहाँका आज्ञापालन गर्न बाल-बालिकाहरूलाई सिकाउनुपर्छ । हामीले बाल-बालिकाहरूका आत्मिक जीवनका बारेमा पनि ख्याल गर्नु अपरिहार्य छ । मण्डलीमा बालसंगति भइरहेको छ अनि कतिपटक हाम्रा बाल-बालिकाहरू बालसंगतिमा हुनुपर्ने हो तर बाहिर नै हुन्छन्, यस विषयमा पनि हामीले चासो राख्नु जरुरी छ । खाना खाऊ, पढ, लेख, सुत, उठ, विद्यालय जाऊ भन्ने मात्रै नभएर अभिभावकहरूले उनीहरूलाई बाइबल पढ्ने, प्रार्थना गर्ने, बालसंगतिमा पठाउने, भजन गाउने अनि सबै कुराहरूमा परमेश्वरलाई धन्यवाद दिनेजस्ता आत्मिकी कुराहरू पनि सम्झाउनु/सिकाउनु आवश्यक छ । उनीहरूलाई हामीले यो पनि भन्न सक्नुपर्छ, "मेरो अनुकरण गर्ने होओ, जसरी म खीष्टको अनुकरण गर्दछु" १ कोरिन्थी ११:१ ।

अभिभावकहरूको अर्को जिम्मेवारी बाल-बालिकाहरूलाई नचिढ्याउनु अर्थात् रीस नउठाउनु तर उनीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काउनु हो (एफिसी ६:४) । बाबुआमाले निरन्तर प्रार्थनाको साथमा बाइबलीय शिक्षा र सिद्धान्तमा आधारित व्यवहार दर्शाउने हो भने बाल-बालिकाहरूलाई खीष्ट-केन्द्रित बन्न सहायता पुग्छ । उनीहरूलाई हाम्रो आकांक्षामा नभएर आत्माको अगुवाइमा चल्न र प्रभुको भरोसामा हिंड्न सिकाउनुपर्छ । थुप्रै त्यस्ता बाबुआमाहरूका उदाहरण हामी देख्न सक्छौं जसले बाल-बालिकाहरूलाई आफ्नो इच्छामा हिंड्न कर लगाएर प्रभुको अभिप्रायलाई गुमाएका छन् । हन्नाले झैं हामीलेत हाम्रा बालबालिकाहरूलाई परमप्रभुमा अर्पण गर्नुपर्दछ (१ शमूएल १:२२,२८) । बालबालिकाहरूले पनि सदैव आफ्ना बाबुआमाको आज्ञापालन गर्नुपर्छ । प्रभुको वचनले भन्दछ, "छोराछोरी हो, प्रत्येक कुरामा आफ्ना आमा-बाबुको आज्ञापालन गर । किनकि यस कुराले प्रभुलाई प्रसन्न तुल्याउँछ" कलस्सी ३:२० ।

आफ्ना परिवार एक असल परिवार होस् भन्ने चाहना कसको हुँदैन र ? यदि त्यसो हो भने, सर्वप्रथम हामीले आफ्नो हृदय परमेश्वरतर्फ फर्किएको छ कि छैन सो जाँच्नुपर्छ । कसैले भनेका छन् कि खीष्ट-केन्द्रित परिवार स्वर्गको एक आभाष् पनि हो । हामीहरूको एकआपसको सम्बन्धले परमेश्वरसँगको हाम्रो सम्बन्धलाई प्रतिबिम्बित गर्छ । जहाँ खीष्ट-केन्द्रित श्रीमान् प्रभुको अधीनतामा, खीष्ट-केन्द्रित श्रीमती श्रीमानको अधीनतामा, खीष्ट-केन्द्रित बाल-बालिका आमाबाबु/अभिभावकको आज्ञाकारीतामा रहन्छन् - जुन एक असल खीष्टिय परिवारको चित्रण हो । यसरी एकअर्काको अधीनतामा रहेको परिवार असल परिवार हुन्छ । यहोशूले भने, "...म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं" यहोशू २४:१५ । के आज हामीले यो संकल्प गरेका छौं ? कतिपटक यो अवस्था सार्थक नबन्नुको कारण बाबुआमा वा अभिभावकले आफ्नो घरमा खीष्ट-केन्द्रित वातावरण सृजना गर्न नसक्नु हो ।

पुस्ता-अन्तर (Generation Gap) हाम्रो लागि नयाँ विषय होइन, हामीले धेरै पटक सुनेको विषय हो । के हामी परमेश्वरलाई प्रेम गर्ने पुस्ता देख्न चाहदैनौं र ? हो, हामी सबैजनाको उत्कट इच्छा छ कि सबै व्यक्ति तथा पुस्ताले परमेश्वरलाई प्रेम गरोस् ! व्यक्ति वा पुस्ता निर्माण प्रक्रियामा प्रत्येक परिवारको उल्लेख्य भूमिका रहेको हुन्छ । परिवार निर्माण भन्ने वित्तिकै तपाईंको विचारमा कस्तो प्रकारको चित्र आउँछ ? सायद हामी सबैलाई परिवारका हरेक सदस्य एकसाथ् अघि बढेको मन पर्छ, होइन त ? परिवारका सबै सदस्यहरू मिलिजुली काम गर्नु निकै असल कुरा हो । अझै एउटा खीष्टियान परिवारका

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **फागुन २९**<br>March 12 | डीकन<br>अर्जुन ढकाल | डीकन<br>राजु तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>सीता गुरूङ्ग | पाष्टर<br>दफ्तन सादा | श्री<br>श्रीराम सुर्खेती | श्री<br>स्टिफन राई |
| **चैत्र ६**<br>March 19 | पाष्टर<br>अशोक मुखिया | डीकन<br>मान बहादुर मगर | श्री<br>रमेश लामा | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>रूद्र राई | एल्डर<br>ग्रेस खालिङ |
| **चैत्र १३**<br>March 26 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>पूर्ण सुनुवार | डीकन<br>अर्जुन ढकाल | पाष्टर<br>रोबर्ट कार्थक | श्री<br>सुकराम तामाङ्ग | एल्डर<br>नवराज के.सी. | एल्डर<br>घन श्याम दाहाल |
| **चैत्र २०**<br>April 2 | पाष्टर रोबर्ट कार्थक<br>पाष्टर सामुएल कार्थक | श्री<br>सरुष मान तामाङ्ग | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>रूबेन श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

निम्ति त यो भन्नै अपरिहार्य कुरा नै हो !

विविध कारणले बाल-बालिकालाई सांसारिक कुराहरूले बढी प्रभाव पारेको हुन्छ, यदि यही कुराको विकास हुँदै गयो भने हामीले परमेश्वरलाई प्रेम गर्ने पुस्ता गुमाउँछौं । "पछि एउटा अर्को पुस्ता आयो जसले परमप्रभुलाई चिन्दैनथ्यो नता उहाँले इस्राएलको निम्ति गर्नुभएको कामलाई पनि जान्दथ्यो" न्यायकर्ता २:१० । यहोशूको मृत्युपछि एउटा यस्तो पुस्ता आयो जसले परमप्रभुको दृष्टिमा जे खराब थियो त्यही गर्न लाग्यो । "एउटा पुस्ताले रूख रोप्छ र अर्को पुस्ताले त्यसको छायाँ पाउँछ" यो चीन देशको प्राचीन भनाई हो । "हामीले आज कस्तो रूख रोप्दैछौं ?" ज्वलन्त प्रश्न हाम्रो अघि छ । आज यदि हामीले पनि आफूले घरका, मण्डली तथा समाजका बाल-बालिकाहरूको निम्ति निर्वाह गर्नुपर्ने भूमिका निर्वाह गरेनौं भने आउँदो पुस्ता कस्तो होला ! "धोकामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्दछ त्यसैको कटनी पनि गर्नेछ" गलाती ६:७ ।

यस्तो विषम परिस्थितिमा हाम्रा छोराछोरी, मण्डलीका बाल-बालिका तथा सम्पूर्ण बाल-बालिकाहरूको निम्ति हाम्रो प्राथमिकता के छ ? के हामी प्रभुलाई प्रेम गर्ने पुस्ता तयारीमा अग्रसर हुँदैछौं ? आज हामीले प्रभुलाई प्रेम गर्ने पुस्ता तयार गर्न आ-आफ्नो क्षेत्रबाट उल्लेख्य भूमिका निर्वाह गर्नुपरेको छ । हाम्रा बालबालिकाहरू सर्वाङ्गिण ( मानसिक, शारीरिक, आत्मिकी र सामाजिक) रुपमा अघि बढेको दृष्य-अवलोकन हामीले गर्न सक्नुपर्छ जसरी "येशू बुद्धिमा, कदमा र परमेश्वर र मानिसहरूको अनुग्रहमा बढ्दै जानुभयो" लूका २:५२ । प्रार्थनासहित् हामी यो चुनौति लिएर भन्न सकौं, "म मेरो घरको छोराछोरी, मण्डलीका बाल-बालिका तथा मेरो वरपर रहेका बाल-बालिकाहरूलाई प्रभुलाई प्रेम गर्ने पुस्ता हुन भरमग्दुर सहायता गर्नेछु ।" प्रभुले हाम्रो यो समर्पणतामा सहायता गरून् !

---

## जानकारी

माघ १६ गते/जनवरी ३० तारिख शनिबार नेइम ललितपुर मण्डलीमा २१ जनाको समर्पण भयो ।

माघ २३ गते/फरवरी ६ तारिख शनिबार नेइम गुरुजुधारा मण्डलीमा ५ जना विश्वासीहरूको समर्पण भयो ।

फागुन १५ गते/फरवरी २७ तारिख शनिबार नेइम ललितपुर मण्डलीको डीकन **घन श्याम दाहाल**लाई एल्डर अभिषेक गरियो ।



महा लक्ष्मी स्थानमा बस्नुहुने नेइम ललितपुर मण्डलीकी सेवामा सहभागी हुनुभएकी श्रीमती **नूर्जा कुँवर** ८१ वर्षको उमेरमा फागुन ३ गते/फरवरी १५ तारिख सोमबार प्रभुमा सुत्नु भयो ।



धोबिघाट बस्नुहुने नेइम ललितपुर मण्डलीकी सदस्य श्रीमती **शान्ति राना** ७६ वर्षको उमेरमा पौष २४ गते/जनवरी ८ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।



सानेपा गुसिंगाल बस्नुहुने नेइम ललितपुर मण्डलीकी सदस्य श्रीमती **पातली माया राई** ८४ वर्षको उमेरमा फागुन ५ गते/फरवरी १७ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।



शान्तिनगर बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **गणेश परियार** ६४ वर्षको उमेरमा माघ २४ गते/फरवरी ७ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



लिखु बस्नुहुने नेइम गोंगबूँ मण्डलीको सदस्य श्री **तिर्थ बहादुर तामाङ्ग** ६१ वर्षको उमेरमा फागुन १२ गते/फरवरी २४ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| फागुन २९<br>March 12 | एल्डर<br>गोपी राई | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | पाष्टर<br>प्रेम श्रेष्ठ | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>कुमार सेञ्चुरी |
| चैत्र ६<br>March 19 | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | डीकन<br>बेन्जामिन तामाङ्ग | एल्डर<br>छयोगेन रोंगोंग | श्री<br>राजु तामाङ्ग |
| चैत्र १३<br>March 26 | डीकन<br>सिमोन पाठक | एल्डर<br>जमान घ्लान | एल्डर<br>सागर थापा | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | पाष्टर<br>सामुएल कार्थक | एल्डर<br>छोदेन कार्थक | श्रीमती<br>जेसिका लम्जेल |
| चैत्र २०<br>April 2 | एल्डर<br>सागर थापा | एल्डर<br>गोपी राई | श्री<br>कृष्ण श्रेष्ठ | सुश्री<br>दिल कुमारी वाइबा | पाष्टर<br>प्रेम श्रेष्ठ | पाष्टर<br>बर्णवास श्रेष्ठ | एल्डर<br>कर्ण तामाङ्ग | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

# हार्दिक बधाई



फागुन ७ गते/फरवरी १९ तारिख शुक्रबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्यहरू श्री **प्रशान्त श्रेष्ठ** र सुश्री **संगीता तामाङ्ग**को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रशान्त/संगीता श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन १२ गते/फरवरी २४ तारिख बधुबार नेइम गोंगबूँ मण्डलीको सदस्यहरू श्री **कैलाश राई** र सुश्री **बबिता राई** को नेइम गोंगबूँ मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **कैलाश/बबिता राई**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन १३ गते/फरवरी २५ तारिख बिहीबार नेइम गोंगबूँ मण्डलीको सदस्यहरू श्री **कुमार श्रेष्ठ** झाँगाझोली, अर्चले संगतिकी सदस्य सुश्री **दिपा श्रेष्ठ**को नेइम झाँगाझोली, अर्चले संगतिमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **कुमार/दिपा श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन १३ गते/फरवरी २५ तारिख बिहीबार नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य सुश्री **शान्ति सुनुवार** र इम्मानुएल निस्सी चर्च केराबारी, ओखलढुङ्गाको सदस्य श्री **सुवास सुनुवार**को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सुवास/शान्ति सुनुवार**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन १६ गते/फरवरी २८ तारिख आइतबार नेइम सिर्जनानगर मण्डलीको सदस्यहरू श्री **सन्तोष परियार** र सुश्री **मिनिषा परियार**को नेइम सिर्जनानगर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सन्तोष/मिनिषा परियार**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन १६ गते/फरवरी २८ तारिख आइतबार नेइम ललितपुर मण्डलीको सदस्यहरू श्री **कुमार श्रेष्ठ** र नेइम कुवापानी मण्डलीकी सदस्य सुश्री **सृष्टि पाखिन**को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **कुमार/सृष्टि श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## मार्च महिनाको कार्यक्रम

फागुन २४ गते/मार्च ७ तारिख सोमबार बिहान १०:०० बजे **नेइम संयुक्त पुरुष रीट्रिट** धापासी विश्राम स्थलमा ।

चैत्र १ गते/मार्च १४ तारिख सोमबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

चैत्र ७ गते/मार्च २० तारिख आइतबार बिहान ९:३०-२:०० बजे **नेइम बाल संगतिका शिक्षक शिक्षिकाहरुको रीट्रिट** जहरसिंह पौवा मण्डलीमा ।

चैत्र ९ गते/मार्च २२ तारिख मंगलबार बिहान ६:०० बजे **युवा रीट्रिट** आ-आफ्नै मण्डलीमा ।

चैत्र १२ गते/मार्च २५ तारिख शुक्रबार बेलुकी ५:३० बजे **गुड फ्राइडे सेवा** आ-आफ्नै मण्डलीमा ।

चैत्र १४ गते/मार्च २७ तारिख आइतबार बिहान ६:०० बजे **सूर्योदय (इस्टर) सेवा** आ-आफ्नै मण्डलीमा ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २३ 6<br>हामी विश्वासीहरूको जीवन वचनमा जरा गाडिएका भई त्यसअनुरुप निर्माण हुँदै परमेश्वरको महिमाको लागि परिपक्व हुँदै जान सकौं ।<br>२ तिमोथी ३:१४-१६ | ३० 13<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | ७ 20<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाललाई पवित्र आत्माको अगुवाइमा विश्वास-योग्यताका साथ सधैं हेरचाह गरिरहन सकून् ।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ | १४ 27<br>आज हुने सूर्योदय सेवामा परमेश्वरको जीवित उपस्थिति प्रत्येकले थाहा गर्न सकून् ।<br>लेवी २६:१२-१३ |
| **सोमबार** Monday | २४ 7<br>मण्डलीको सबै विश्वासीहरू व्यक्तिगत, पारिवारिक, मण्डलीसँगको प्रार्थनाको क्षेत्रमा मूल्य चुकाउनेहरू हुँदै जान सकौं ।<br>प्रेरित २:४२-४३ र ४७ | १ चैत्र 14<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकभैंं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १:९-१४ | ८ 21<br>मण्डलीका सबै समर्पित विश्वासीहरू मण्डलीको सेवा-संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि प्रभुमा बढ्दै र अरूलाई पनि प्रभुमा बढाउँदै जान सकौं ।<br>कलस्सी ३:१६-१७ | १५ 28<br>खीष्ट येशू प्रभुको क्रूसको मृत्यु र बौरी उठाइको सुसन्देश सारा संसारका मानिसहरूले आफ्नो बनाई सबैले अनन्त जीवन पाउन सकून् ।<br>हिब्रू ९:२२-२८, १०:४-१० |
| **मंगलबार** Tuesday | २५ 8<br>मण्डलीको जीवनमा प्रार्थना, वचन पढाइ, स्तुति प्रशंसा, सुसमाचार प्रचारमा सिथिलता नआएको होस् ।<br>कलस्सी ३:१६-१७ | २ 15<br>मण्डलीलाई अगुवाइ गरिराख्नुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>१ कोरिन्थी १:१०, फिलिप्पी २:१-५ | ९ 22<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ | १६ 29<br>मण्डलीमा पवित्र आत्माबाटको आश्चर्यकर्म, चिन्ह, चंगाइ ठूला ठूला कामहरूको लागि प्रार्थना गरौं जसको कारण धेरै मानिसहरू सुसमाचार सुनेर साथै यी कामहरूद्वारा पनि मानिसहरू परमेश्वरको राज्यमा आउन सकून् ।<br>प्ररित ५:१२-१६, |
| **बुधबार** Wednesday | २६ 9<br>घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् ।<br>एफिसी ४:११-१६ | ३ 16<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | १० 23<br>प्रभु येशूको नाउँको खातिर दुःख, कष्ट, खेदो निन्दा र सतावटमा पर्नुभएकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>प्रेरित ९:१५-१६,, फिलिप्पी १:२६-२९ | १७ 30<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ |
| **बिहीबार** Thursday | २७ 10<br>परमेश्वरले दिनुभएका सबै बाल बालिकाहरू साथै छोराछोरीहरूको पढाइ, पालन पोषणको साथै आत्मिक कुराहरूमा पनि ध्यान पुऱ्याउनेहरू हुन सकौं ।<br>व्यवस्था ११:१८-१९, एफिसी ६:४ | ४ 17<br>सुसमाचार प्रचारको साथै पवित्र आत्माबाट पाएका वरदानहरू आँटिलो सहासिलो भई चलाउन सकौं ।<br>मर्कूस १६:१५-२० | ११ 24<br>युवाहरूको पढाइ, काम, व्यवसाय, विवाह, पारिवारिक जीवनका सबै क्षेत्रहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ८५:१२, याकूब १:१७ | १८ 31<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह ११९:१६२-१७५ |
| **शुक्रबार** Friday | २८ 11<br>हामी विश्वासीहरू वचन पढ्ने, सुन्ने साथै मनन् गर्नेहरू भई त्यसअनुसार पालन गर्दै जानेहरू हुन सकौं ।<br>२ तिमोथी ३:१६-१७ | ५ 18<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको भरपूरी र अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | १२ 25<br>सबै इसाईहरू क्रूसको प्रेमको अर्थ बुझेर उहाँको निम्ति जिउनेहरू हुन सकौं ।<br>२ कोरिन्थी ५:१४-१५ | १९ April 1<br>आराधना सेवामा सबैजना आराधना गर्न, वचन, सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून् ।<br>प्रेरित २:४२,४३ र ४७ |
| **शनिबार** Saturday | २९ 12<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>रोमी १२:११-१२ | ६ 19<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १३ 26<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | २० 2<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ |

# जब मैले तपाईंमा पुकारें तपाईंले मलाई जवाफ दिनुभयो । तपाईंले मलाई साहासी र आँटिलो पार्नुभयो

**भजनसंग्रह १३८:३**